मिक्लाजुङ गाउँपालिका, मोरङ

# स्थानीय राजपत्र

खण्ड ८ मिक्लाजुङ, जेठ १३ गते, २०८१ साल ( अतिरिक्ताङ्क १)

## भाग-२

मिक्लाजुङ गाउँपालिका

गाउँसभाबाट पारित निर्णय मितिः२०८१।०२।१३
राजपत्रमा प्रकाशन मितिः २०८१।०२।१४

मिक्लाजुङ गाउँपालिकाको गाउँसभाको १४औं अधिवेशनको पहिलो बैठकबाट पारित निम्न नीति तथा कार्यक्रम सम्बन्धित सम्पूर्ण सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मिक्लाजुङ गाउँपालिका

## मिक्लाजुङ गाउँपालिकाको गाउँसभाको १४औं अधिवेशनको पहिलो बैठकबाट पारित नीति तथा कार्यक्रम

प्रमाणीकरण मिति : २०८१/०२/१३

**आदरणीय सभाध्यक्ष ज्यू,** मिक्लाजुङ गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशनमा उपस्थित हुनु भएका यस सम्मानित सभाका सदस्य ज्यूहरू,राष्ट्रसेवक कर्मचारी तथा सञ्चारकर्मी मित्रहरू,

आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा, नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व गर्ने हाम्रा वीर पूर्खा, प्राण आहुती दिनुहुने अमर शहिदहरू तथा अग्रजहरूले सामाजिक तथा आर्थिक रूपान्तरणमा पुर्याउनु भएको योगदानको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु ।

मिक्लाजुङ गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य, मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा गाउँ सरकार हरपल प्रयत्नशील छ । विकास, निर्माण र परिवर्तनको अनुभुति सबै गाउँवासीले गर्न सकुन् भन्नेमा हामी अत्यन्त सचेत छौं । गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न हामी दृढ सङ्कल्पित छौं ।

कोभिड १९ को महामारी पछि खच्किएको विश्व अर्थतन्त्रकाले निम्त्याएको आर्थिक संकटको प्रतिकुल वातावरणमा समेत प्राप्त स्रोत र साधनलाई जनताका आधारभूत आवश्यकता पुरा गर्ने र दीगो विकासका नीति अनुरुप परिचालन गर्दै भौतिक पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रमा परिचालन गर्ने हाम्रो प्रयास जारी नै रहेको छ । गत विगतमा भएका असल अभ्यासहरूलाई निरन्तरता दिँदै र सुधार गर्नु पर्ने पक्षहरूलाई सिकाइका रुपमा ग्रहण गर्दै, यस गाउँपालिकाको भुगोल, भाषा, धर्म, कला, सँस्कृति, जातीयता, रहनसहन र रितीरिवाजमा भएको पृथकताको सम्मान गर्दै सबै क्षेत्रको समानुपातिक विकास

सहित सँस्कार र साँस्कृतिक पहिचान सहितको समुन्नत मिक्लाजुङ निर्माणको हाम्रो लक्ष्यमा हामी अडिग छौं ।

**सभाध्यक्ष महोदय,**

मिक्लाजुङका आम नागरिकहरूले आफ्ना आधारभूत आवश्यकता पुरा गर्दै समग्र गाउँपालिकाको विकास र समृद्धिका लागि पाँच वर्षसम्म आफ्नो प्रतिनिधिको रुपमा काम गर्न हामीलाई जिम्मेवारी दिएर पठाएको पनि दुई वर्ष व्यतित भैसकेको छ । हामीले निर्वाचनका समयमा जनता सामु गरेका प्रतिबद्धता र घोषणाहरू यो अवधिमा के कति पुरा गर्न सक्यौं र अब के कति गर्न बाँकी छ ? भन्ने तथ्यलाई समेत मनन् गर्दै, यस गाउँपालिकामा रहेका राजनीतिक दलहरू र वडा समितहरूबाट सुझाव संकलन समेत गरी, सम्वन्धित विषयगत समितिहरूमा व्यापक छलफल गरी आगामी वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको खाका तयार गरिएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

**सम्मानित सभाका सभासदस्य ज्यूहरू**

आगामी वर्षका लागि प्रस्तुत नीति तथा कार्यक्रमले, दिगो विकासका लक्ष्यलाई पुरा गर्न दिगो विकासको पुर्वाधारका रुपमा रहेका शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेको व्यहोरा जानकारी गराउँछु ।

**सभाध्यक्ष महोदय,**

विकास र समृद्धिको लक्ष्य प्रासिका लागि आर्थिक वर्ष २०८०/०८१ को बैसाख महिनासम्म विभिन्न विषयगत शाखाबाट सम्पादन गरिएका महत्वपूर्ण कार्यहरू र प्रगतिको अवस्था प्रस्तुत गर्ने अनुमति चाहान्छुः

**भौतिक पूर्धाधार** तर्फ, यामचोक खोलिटार सडक, मावा खोला नाइटेवानी मलामी टहरा सडक, मिनेचोक भण्डारीचोक सडक जस्ता दीर्घकालीन महत्वका सडकहरू कालोपत्रे गर्ने, मिक्लुखोला, सोल्टी खोला, मगर खोलामा मोटरेबल पुल निर्माण गर्ने, पर्यटकीय स्थल कोलुङ झरना मोटरेबल बाटो निर्माणका साथै विभिन्न सामुदायिक विद्यालय, स्वास्थ्य संस्थाहरूको भौतिक सबलीकरण र कोल्डस्टोर निर्माण सम्बन्धी कार्य भैरहेको र गाउँपालिकको प्रशासनिक भवन निर्माण सम्पन्न हुने चरणमा पुगी यसै बर्षदेखि नयाँ सुविधायुक्त भवनबाट सेवा प्रवाह गर्न सकिने वातावरण तयार गरिएको छ ।
यसका साथै विभिन्न ठूला परियोजनाहरूका लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा डि.पि.आर. निर्माण गरी कार्य सुरुवात गरिएका छन् ।

**कृषि विकास** तर्फ माहुरी च्याउ र केरा ,धान ,पकेट क्षेत्रको बिकास कार्यक्रम सम्पन्न भई पकेट क्षेत्र संचालनमा गरिएको, कृषकलाई अनुदानमा तोरी ,आँप ,सूर्यमुखी ,आलु , अकबरे आदी ,कागती ,मेकेडेमियाका बिउविरुवा वितरण/का साथै कृषि चुन वितरण , निःशुल्क माटो परीक्षणमकै छोडाउने मेशिन वितरण , र आकस्मिक बाली संरक्षण कार्यक्रम सम्पन्न भएका छन् ।
**पशुपंक्षी विकास** तथा सेवा अन्तर्गत रेबिज भ्याक्सिन खरिद गरी प्रयोगमा ल्याइएको, कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिएको, सामुदायिक वनसंगको साझेदारीमा सामुहिक बाखापालन कार्यक्रम संचालन भएको, घुम्ती पशु शिविर तथा औषधी वितरण कार्यक्रम संचालन गरिएको, व्यवसायीक पशुपालकलाई साझेदारीमा च्यापकटर वितरण गरिएको, वहुवर्षे घाँसको विउ वितरण गरिएको छ ।

**शिक्षा** तर्फ यसै वर्षदेखि कक्षा ११-१२ मा विज्ञान विषयको पठनपाठन सुरु गरिएको, बहुप्राविधिक शिक्षालय संचालनको पूर्वतयारी गरिएको, १५९ जना विद्यार्थी उच्च शिक्षा छात्रवृत्ती प्राप्त गरी मिक्लाजुङ क्याम्पसमा अध्ययन गरिरहेको, कक्षा १-८ मा स्थानीय विषयको पाठ्यक्रम लागु गरिएको, सिकाइ सुधारका लागि अतिरिक्त समय विद्यालय संचालन गर्ने १९ विद्यालयलाई प्रोत्साहन गरिएको, गाउँपालिकाबाट प्रति विद्यार्थी थप रकम प्रदान गरी दिवाखाजाको गुणस्तर सुधार गरिएको, यस वर्ष थप सहित १३ विद्यालयमा CC Camera र इ-हाजिरी जडान गरिएको, १५ विद्यालयको शौचालय मर्मत र १९ विद्यालयमा बालकक्षा सुदृढीकरण गरिएको र प्रति विद्यार्थी लागत बढी भएका दुई विद्यालय समायोजन गरिएको छ।

**स्वास्थय** क्षेत्रमा यस वर्षदेखि मधुमल्ला अस्पतालबाट ओ पि डी सेवा, प्रयोगशाला सेवा, स्वास्थ्य बिमा कार्यक्रम ,एक्सरे सेवा- र भिडियो एक्सरे सेवा- सेवाहरु नियमित गरिएको,

राष्ट्रिय अभियान संचालन अन्तर्गत भिटामिन ए वितरण ,जुकाको औषधि खुवाउने अभियान र दादुरा रुवेला खोप अभियान संचालन गर्नुका साथै पूण खोप सुनिश्रितता गर्न घरघरमा गई -छुटेका बच्चाको खोजी गर्ने कार्य सुरु गरिएको छ । महिला स्वास्थ्य स्वयमं सेविका परिचालन तथा प्रोत्साहन कार्यक्रम संचालन गरिएको छ भने स्वास्थ्य सेवाको न्युनतम् गुणस्तर शुनिश्चितता गर्न विभिन्न सिपमा आधारित तालिम संचालन गरिएको छ ।यसै गरी ग्रामीण अल्ट्रासाउण्ड सेवा अन्तर्गत हरेक स्वास्थ्य चौकीमा गई अल्ट्रासाउण्ड सेवा प्रदान गरिएको छ।

**न्यायिक समिति** तर्फ नेपालको संविधानको धारा २१७ बमोजिम प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको, दर्ता भएका अत्यधिक उजुरीको निरुपण गरिएको, ३ वटा सम्बन्धित निकायमा पठाईएको, न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकासका लागि तालिम प्रदान गरिएको, कठघराको निमार्णका लागि आवश्यक फर्निचर व्यवस्थापन गरिएको छ ।

**रोजगार सेवा** तर्फ न्युनतम रोजगारी मार्फत बिपन्न परिवारहरुको जीवन स्तरमा आर्थिक सुधार सहायता /पुर्याइएको , साझेदारी आयोजना संचालनबाट कार्य प्रगति भएको, बैदेशिक रोजगारमा जानेहरुको श्रम स्वीकृत, आर्थिक सहायता, उद्दार तथा खोज लगायत बिषयमा सहजीकरण समन्वय /गरिएको छ।

**महिला तथा बालवालिका**को क्षेत्रमा महिलाहरुको सशक्तिकरण तथा नेतृत्व विकास एंव क्षमता विकासमा वृद्धि भएको, निर्णय क्षमतामा विकास र निर्णयको पहुँचमा वृद्धि भएको, सामाजिक परिवर्तनका लागि सञ्चालित अभियानहरुबाट महिलाहरु आयआर्जनका गतिविधि तर्फ उन्मुख भएको, निःशुल्क लोकसेवा तयारी कक्षा संचालन गरिएको र नियमिति अपाङ्गता कार्ड वितरण गरिएको छ।

**पंजिकरण तथा सामाजिक सुरक्षा** अन्तर्गत कुल 1568 घटना दर्ता गरिएको, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको 98.41% विवरण रुजु गरिएको, दोस्रो त्रैमासिक सम्ममा कुल जना लाभग्राही 3707लाई भत्ता समयमै उपलब्ध गराइएको छ।

**वित्तीय प्रगतिको साराँश**

| सि .नं. | वजेटका क्षेत्र | कुल | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पुर्वाधार विकास | २८,२१,१२,२८०.०० | ६,२५,००,९११.०० | २२.१५ |
| २ | सामाजिक विकास | ३३,११,८५,३००.०० | १८,९४,९८,२७८.०० | ५७.२२ |
| ३ | आर्थिक विकास | ७,२५,५९,०००.०० | २,८८,८३,९८६.०० | ३९.८१ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | २,०६,८५,०००.०० | ६४,८१,७८४.०० | ३१.३४ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ११,३१,४०,७२०.०० | ७,५२,४०,९७२.०० | ६६.५ |
| | कुल जम्मा | ८१,९६,८२,३००.०० | ३६,२६,०५,९३१ | ४४.२४ |

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानुनी आधारहरु लिइएको यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छुः

- नेपालको संविधान तथा यसमा व्यक्त गरिएका राज्यको उद्देश्य, राष्ट्रिय नीति, मौलिक हक तथा निर्देशक सिद्धान्त
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- संघीय तथा प्रादेशिक आवधिक विकास योजना
- मिक्लाजुङ गाउँपालिकाको आवधिक योजना
- गाउँपालिकाको आन्तरिक स्रोत साधन तथा अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत् प्राप्त हुने श्रोत
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट प्राप्त उपलब्धी तथा विगतका विकास प्रयासको समीक्षा

- जनअपेक्षा तथा आवश्यकता
- विकासका अन्तरसम्बन्धित बिषयहरुः गरिबी निवारण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, लैंगिक विकास, सामाजिक समावेशीकरण
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु

**सभाध्यक्ष महोदय, सभासदस्य ज्यूहरू**

आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गर्दा देहाय बमोजिमका क्षेत्रहरूलाई प्राथमिकतामा राखी तयार गरिएको व्यहोरा जानकारी गराउछु ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय पूर्वाधार विकास,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
- प्राकृतिक श्रोतको दिगो उपयोग तथा विपद् व्यवस्थापन,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

**सभाध्यक्ष महोदय,**

आगामी वर्षको नीति तथा कार्यक्रमले राखेका लक्ष्यहरू हाँसिल गर्नका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गर्न प्रस्तावित गरेको छु ।

**प्रमुख रणनीतिहरुः**

१. प्राथमिकता तथा आवश्यकताका आधारमा नीति तथा नीति अनुरुप आय व्ययको अनुमान तयार गरिने ।

२. स्थानीय नीति तथा कार्यक्रमलाई राष्ट्रिय तथा प्रादेशिक नीति संग आवद्ध गरिनेछ ।

३. वित्तीय संघीयता तथा स्थानीय वित्तीय स्वायत्तालाई प्रवर्धन गर्न आन्तरिक परिचालन थप प्रभावकारी बनाईने ।

४. बजेटको विश्वसनीयता तथा प्रभावकारिता बढाउन श्रोत अनुमानलाई वास्तविक बनाउनुका साथै बजेटमा संरचनात्मक सुधार गरिने ।

५. चालू खर्चलाई वाञ्छित सीमा भित्र राख्दै चालू तथा पूँजीगत खर्चलाई सन्तुलन गरिनेछ ।

६. लाभ लागत विश्लेषण तथा वास्तविक आवश्यकताका आधारमा पूर्वाधार आयोजना छनौट गरिने ।

७. कार्यक्रम तथा आयोजना छनौटमा दोहोरोपना तथा खाडल हटाईने तथा अधुरा आयोजना सम्पन्न गरिने ।

८. आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई समयाबद्ध गरिने ।

९. सार्वजनिक खर्चमा मीतव्ययीता अपनाईने तथा वित्तीय अनुशासन कार्म गरिने ।

१०. अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाईने ।

**सभाध्यक्ष महोदय, सभासदस्य ज्यूहरू**

अब म आर्थिक वर्ष २०८१/०८२ को विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## १. आर्थिक विकास नीति

### १.१ कृषि तथा पशु पंक्षी विकास

क) कृषि

१. अन्नबाली, तरकारी बाली, फलफूल बाली, मसला बाली र नगदे बालीको उत्पादन क्षेत्र विस्तार र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमहरुलाई जोड दिइनेछ ।

२. जनशक्ति को अभाव तथा लागत कम गराउन यान्त्रिकिकरण जोड दिइनेछ । **Custom Hiring Center** को अवधारणालाई अवलम्बन गरिनेछ ।

३. "**कृषिमा हुने महामारीः स्थानीय सरकारको जिम्मेवारी**" कार्यक्रम मार्फत कृषि क्षेत्रका सम्भाव्य समस्याहरूको पहिचान र नियन्त्रणमा विशेष प्राथमिकता दिई कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण गरिनेछ ।

४. किसानको वास्तविक समस्या पहिचान तथा समस्याको कारण पहिचान गरी निवारण गर्न एवं प्रत्येक वडामा किसान संग प्रत्यक्ष अन्तरकृया गर्न "**किसान संग स्थानीय सरकार कार्यक्रम**" सञ्चालन गरिनेछ ।

५. उन्नत प्रविधिलाई अवलम्बन गर्दै रैथाने बालीलाई संरक्षण तथा बेमौसमी तरकारी खेतीलाई प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. तुलनात्मक लाभका रेशम खेती, मौरी पालन, कफी खेती, सुपाडी खेती, तेजपात खेती, च्याउ खेतीलाई प्रवर्धन गर्न विशेष कार्यक्रम संचालनमा ल्याइनेछ ।

७. स्थानीय जडिबुटी खेतीको विस्तार गर्न कृषकहरूको क्षमता विकास र प्रोत्साहन सहितका साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

८. सुख्खा क्षेत्रहरुमा सिँचाइको पूर्वाधार विस्तार गरी व्यबसायिक खेती विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

९. कृषि उत्पादनको भण्डारणको उपयुक्त व्यवस्था गरी छुट्टै कृषि बजार संचालन गरिनेछ ।

१०. कृषक समुह तथा समितिहरुलाई सक्रिय बनाई कृषि प्रविधि सेवा छिटो तथा छरितो बनाउँदै मागमा आधारित क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

११. गरिब, विपन्न, दलित र विदेशबाट फर्किआएका व्यक्तिहरूलाई कृषि मार्फत रोजगार बनाउन युवा स्वरोजगार कार्यक्रम संचालनमा ल्याईनेछ ।

१२. रोग कीरा व्यवस्थापनका लागि जैविक विधिलाई प्राथमिकता दिदै व्यवस्थापनका उपाय अवलम्बन गरी कृषि विमा कार्यक्रमलाई प्रभावकरी बनाउँदै लगिनेछ ।

१३. कृषि बीमा कार्यक्रमको हात्ती प्रभावित क्षेत्र समेतमा पहुँच अभिवृद्धि गर्न किसान समेतको सहभागितामा आवश्यक अनुदानको व्यवस्था गरिनेछ । साथै यसका लागि नेपाल बीमा प्राधिकरण तथा तोकिएका बीमा कम्पनी संग सहकार्य गरिनेछ ।

१४. पोस्ट हार्भेस्ट, प्रशोधन र मूल्य शृंखलालाई प्रवर्धन गर्दै लगिनेछ ।

१५. उर्वराशक्ति र उत्पादकत्व घट्दै गइरहेको सन्दर्भमा माटोको सुधार गर्न कृषि चुनको प्रयोग, प्रांगारिक खेती प्रोत्साहन, गड्यौली मल तथा प्रांगारिक मल उत्पादनलाई प्रोत्साहित गरिनेछ । प्रांगारिक मलको व्यवसायिक उत्पादनका लागि सामुदायिक वन, कृषि सहकारी संस्था तथा कृषक समूह संग सहकार्य गरिनेछ ।

१६. खाद्यान्न गोदाम, प्रशोधन केन्द्र, चिस्यान केन्द्रको निर्माण सम्पन्न तथा विस्तार गरि प्रयोगमा ल्याइनेछ । यस सम्बन्धी पूर्वाधार विकासका लागि संघीय तथा प्रदेश सरकार र अन्य सरोकारवाला संग समन्वय गरिनेछ ।

१७. खेत खेतमा कृषि प्राविधिक सेवा र गोठ गोठमा पशु प्राविधिक सेवा को नीति अवलम्बन गरी कृषकहरूलाई सहज प्राविधिक सेवाको सुनिश्चितता गरिनेछ ।

१८. कृषिलाई सम्मानित पेशा बनाउन आवश्यक मापदण्ड तयार गरी कृषकहरुको सम्मान र प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१९. संघीय सरकारको समन्वयमा किसान सुचिकरण मार्फत सुचिकृत किसानहरुलाई परिचय पत्र वितरण गरीनेछ ।

२०. **मेरो जमिन बाँझो छैन स्वःघोषणा कार्यक्रम**लाई प्रोत्साहित गरी स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गर्न नीति लिइनेछ ।

२१. **म जनताको प्रतिनिधि म गर्छु कृषि कर्म** लाई निरन्तरता दिँदै प्रत्येक जनप्रतिनिधिलाई कृषि कर्ममा समाहित हुन प्रोत्साहित गरिनेछ ।

२२. कृषि क्षेत्रमा दिईने अनुदानलाई वास्तविक किसान सम्म पूर्याउन तथा उत्पादन संग आबद्ध गर्न अनुदान कार्यक्रमको पुनर्संरचना गरिने छ ।

२३. किसानको वास्तविक सम्मान, उत्पादनमा आधारित अनुदान अभियानका संचालन गरी कृषि क्षेत्रको उत्पादन वढाउन आवश्यक मापदण्ड तयार गरी शुन्य व्याजमा ऋण प्रबाह कार्यक्रम संचालन गरिनेछ ।

**ख) पशुपंक्षी विकास**

२४. पशुपंक्षी तथा कृषि क्षेत्रको समयसापेक्ष विकास गर्न यस क्षेत्रलाई प्रविधिमैत्री बनाई उत्पादको मात्रा र गुणस्तरमा सुधार तथा किसानहरूको निरन्तर सिकाईलाई प्रोत्साहन गर्न **कृषि तथा पशुपंक्षी पाठशाला** संचालन गरिनेछ ।

२५. बिभिन्न पशु पंक्षीहरुको मासु बिक्री गर्ने पशु बधशालाको स्वच्छता कायम गर्न मासु बिक्री गर्ने पसल र वधशालाको व्यवस्थापनका लागि मापदण्ड तयार गरी लागु गरिनेछ ।

२६. पशु पालनलाई व्यावसायिक बनाउन प्रोत्साहित गरिनेछ । कानुन बमोजिम दर्ता तथा नवीकरण भएका ब्यावसायिक समुह/समिति र फर्मलाई मात्र अनुदान दिने नीति अवलम्बन गरिनेछ ।

२७. पशु बीमा कार्यक्रमको दायरा फराकिलो बनाउँदै बीमा कार्यक्रमलाई किसानमैत्री बनाइ लागु गरिनेछ ।

२८. सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम संचालन गर्नको लागि विषेशज्ञहरु सहितको घुम्ती कार्यक्रम संचालन गरिने छ ।

२९. दुग्ध उत्पादनलाई बढाइ व्यवसायिक बनाउनका लागि पशु आहारा व्यवस्थापन, चिलिङ भ्याट विस्तार, गोठ सुधार, उन्नत जातको कोरली बाछी तथा पाडी बितरण गर्नुका साथै दुध उत्पादनको आधारमा दुध बिक्रि गर्ने कृषकहरुलाइ प्रोत्साहन अनुदान को ब्यवस्था गर्ने नीति लिइनेछ ।

३०. नियमानुसार दर्ता भई नवीकरण भएका कृषक समुह तथा कृषि फार्मलाई मात्र पशु पालनको लागि आवश्यक औजार उपकरणमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

३१. भ्याक्सिनेसन तथा औषधि बितरण कार्यक्रम प्रभावकारी बनाउन प्रत्येक वडामा बर्षको कम्तिमा २ पटक भ्याक्सिनेसन तथा औषधी वितरण कार्यक्रम संचालन गरिनेछ ।

३२. साइलेज उत्पादन गर्ने किसानलाई साइलेज तयार हुने किसिमको घाँसको बिउ बेर्ना निःशुल्क उपलब्ध गराई उत्पादन बृद्धि गर्दै, साइलेस उत्पादन केन्द्र संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । यसका लागि यस क्षेत्रमा संचालित सहकारी संस्था, ठुला कृषि फर्म तथा सामुदायिक वन संग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ ।

३३. कृषकहरुको क्षमता बिकासको लागि उन्नत र आधुनिक रुपमा पशु पालन गरेको क्षेत्र , घाँसे खेती तथा उत्कृष्ठ दुध डेरीहरु भएका स्थानको सिकाई अवलोकनका गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

३४. मत्स्य व्यवसाय प्रबर्धन कार्यक्रम संचालन गर्न दर्ता भएका समुह तथा फर्मलाई विशेष प्राथमिकतामा राखेर कृषकको मागमा आधारित माछाको भुरा बितरण गरी मत्स्य व्यवसाय प्रवर्धन गरिनेछ ।

## १.२. पर्यटन विकास

१. मिक्लाजुङ गाउँपालिकाको पहिचान सहितका मिक्लाजुङ प्रवेशद्वार तथा उपयुक्त स्थानमा मिक्लाजुङको लोगो राखी स्तम्भ निर्माण गरिनेछ ।

२. मिक्लाजुङका सम्भाव्य पर्यटन क्षेत्रहरूको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणका लागि आवश्यक पूर्वाधार निर्माण, होमस्टे सञ्चालन लगायत पर्यटनजन्य व्यवसायका लागि, सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिने छ । यसका लागि नेपाल पर्यटन बोर्ड, प्रदेश पर्यटन बोर्ड तथा ट्राभल एजेन्सी तथा होटल व्यवसायीसंग समन्वय गरिनेछ ।

३. मिक्लाजुङको सिप, सँस्कार, सँस्कृति, रितिरिवाज, परम्परा र विशेष उत्पादनहरूको जानकारी गराउनका साथै आगन्तुकहरूको सहजताका लागि मिक्लाजुङका मौलिक उत्पादनहरूको मिक्लाजुङ कोशेली घरलाई अझ व्यवस्थित गर्दै विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

४. मिक्लाजुङ गाउँपालिकाका विशिष्ट साँस्कृतिक सम्पदाको संरक्षणका लागि उपयुक्त स्थानमा साँस्कृतिक संग्राहलय निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

५. यस क्षेत्रको पर्यटन विकासका लागि पर्यटन वोर्डसँगको समन्वयमा पर्यटन विकास समिति गठन गर्नुका साथै पर्यटकीय डिजीटल सूचना केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

६. वातावरणमैत्री, व्यवसायमैत्री पर्यटन प्रवर्धन गर्दै दीगो विकासका लागि सामुदायिक वनहरूको संरक्षण र विस्तार तथा पुरातात्विक स्थलहरूको संरक्षण, सम्वर्धन र सौन्दर्यीकरण गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

## १.३ उद्योग तथा व्यपार व्यवसायः

१. स्थानीय कच्चा पदार्थ, सीप, श्रोत र साधनको प्रयोग हुने र समुहबाट संचलन हुने, घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक अनुदान र प्रोत्साहनको व्यवस्था गरी सवै व्यावसायलाई करको दायरामा ल्याउने नीति लिइनेछ ।

२. महिला तथा अपाङ्गता भएका व्यक्तिहरूद्वारा संचालित साना तथा घरेलु उद्योगहरूलाई विशेष प्राथमिकतामा राखी कर सहुलियत, अनुदान तथा प्रविधि सहयोग गरी प्रोत्साहित गरिनेछ ।

३. व्यपार व्यवसायको अभिलेख व्यवस्थित गरी व्यवसायको वर्गीकरण गर्ने कार्य गरिनेछ । गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका उद्योग, व्यापार, व्यवसायको शान्ति सुरक्षाका लागि आवश्यक प्रवन्ध मिलाइने छ ।

४. यस गाउँपालिका तथा वडा कार्यालयहरूबाट विगतमा संचालित विभिन्न सिप विकास तालिम लिएका व्यक्तिहरूले संचालन गरेका साना तथा घरेलु उद्योगहरुलाई आवश्यक थप सिप, क्षमता अभिवृद्धिका साथै आवश्यक प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।

५. गाउँपालिका भित्र स्थानीय व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण, अनुदानका लागि आवश्यक सहजीकरण गरिनेछ ।

६. स्थानीय स्तरमा उत्पादित वस्तुको बजार व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी सहज बजार व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

७. मधुमल्ला बजारमा प्रत्येक सोमबार लाग्ने हाटबजारलाई निरन्तरता दिंदै सब्जी बजारका लागि स्थानीय व्यापारी तथा सरोकारवालहरुको समन्वयमा एक छुटै दिन तोकी थप व्यवस्थित बनाईनेछ ।

८. यस गाउँपालिका क्षेत्रमा उद्योग कलकारखाना स्थापना गरी संचालन गर्न चाहने व्यक्ति, कम्पनीहरूलाई राजश्व सहुलियत दिनुका साथै व्यवस्थापकीय पक्षमा सहयोग गर्ने नीति लिइने छ ।

## १.४. सहकारी विकासः

१. सहकारीलाई कृषिपर्यटन र उत्पादनमु ,खी बनाउने नीति अनुरुप सहकारी संस्थालाई उत्पादन तथा स्वरोजगार कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ ।

२. नवप्रवर्धनात्मक एवम् सिर्जनात्मक व्यवसायको सुरुवात गर्ने व्यवसायीहरुलाई प्रोत्साहित गरिनेछ ।

३. सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी नियमनका लागि एकिकृत अनुगमन प्रणालीको विकास गरिनेछ ।

४. संचालनमा रहेका सरकारी संस्थाहरुको तथयाङ्क अध्यावधिक गरी संस्थाको क्षमता अभिवृद्धि संस्थाको सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने नीति लिइनेछ । ,

५. सहकारी तथा गरीवि निवारण सम्वन्धी व्यवस्थापन सूचना प्रणाली **(COPOMIS)** लाई अनिवार्य गरिनेछ । यसका लागि संघीय सरकार संग आवश्यक समन्वय गरिनेछ ।

६. सहकारीको दर्ता तथा नियमन र अनुगमन कार्य लाइ प्रभाबकारी वनाउन सहकारीहरूको अभिलेख अध्यावधिक गरी अन्तरसहकारी समन्वय र सहकार्यद्वारा सहकारीहरूलाई सेवामुलक वनाउने नीति लिइने छ ।

७. यस गाउँपालिका बाहिर दर्ता भै यस गाउपालिकालाई कार्यक्षेत्र बनाइ काम गरिरहेका र काम गर्न इच्छुक सहकारीहरूलाई वार्षिक प्रतिवेदन तथा प्रस्तावनाका आधारमा कृषि क्षेत्रमा लागानी गरेको कार्य समेतका आधारमा मात्र सूचीकरण तथा संचालन अनुमति प्रदान गर्ने नीति संघीय तथा प्रदेश सरकारको समन्वयमा अवलम्बन गरिनेछ ।

८. विभिन्न क्षेत्रबाट सिप विकास तालिम प्रदान गरी गठन गरिएका महिला, अपांगता भएका व्यक्तिहरु, वैदेशिक रोजगारबाट फर्किएका, युवा तथा अन्य समुह/ समितिहरूलाई सहकारीमा आवद्ध हुन प्रोत्सहित गरिनेछ ।

९. कृषि, पशुपन्छी तथा स्थानीय उद्योगको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, यान्त्रिकीकरण, आधुनिकीकरण एवं प्रवर्धन गर्न सहकारी क्षेत्रको सहभागिता बढाउन आवश्यक प्रोत्सान गरिनेछ ।

## १.५. भूमी व्यवस्थापन

१. भूमी व्यवस्थापनका लागि हालसम्म भए गरेका कृयाकलापहरुलाई व्यवस्थित गर्दै भूमी सम्वन्धी अभिलेखलाई पूर्णरुपमा डिजिटल बनाउन आवश्यक कार्य गरिनेछ ।

२. जग्गा व्यवस्थापन सम्वन्धी आधारभूत कार्य सम्पन्न भई पुर्जा वितरणको चरणमा रहेका जग्गाहरूको नयाँ पुर्जा विवरणका निम्ति सम्बन्धित निकायमा पहल गरिनेछ ।

३. जग्गा वर्गीकरण सम्बन्धी देखिएका समस्याहरुलाई सम्बन्धित निकायसँग समन्वय गरि समाधान गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी समस्या समाधान गर्दै लाने नीति अवलम्बन गरिनेछ ।

४. ऐलानी जग्गा, वन र नम्बरी जग्गा बिच हुदै आएका सिमाना विवादहरुलाई सम्बन्धित निकाय सँग समन्वय गरि समाधान गर्दै लगिने छ ।

# २.सामाजिक विकास नीति

## २.१ शिक्षा

१. विद्यालयहरूको भौतिक पूर्वाधार सवलीकरणका गरी सहज र उपयुक्त शिक्षण सिकाइको वातावरण तयार गर्नका लागि विद्यालयहरूको भौतिक मर्मत सम्भार , घेराबारतथा अधुरा भवन पुरा गरी विद्यालयहरूको आन्तरिक र वाह्य वातावरण सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२. प्रति कक्षा र विषयगत शिक्षकको अभाव पुरा गर्न र प्रति विद्यार्थी लागत न्यून गरी सिमीत लगानीमा गुणस्तरीय शिक्षा प्रदान गर्न, थोरै विद्यार्थी भएका विद्यालयहरू समायोजन गरी विद्यार्थी संख्या धेरै भएका विद्यालयहरूलाई विद्यालयलाई क्रमशः विद्यालय बसको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

३. विद्यार्थी सिकाइ उपलब्धी सुधारका लागि, शिक्षकको वार्षिक तथा दैनिक शिक्षण सिकाइ योजना, सिकाइ सुधार योजना (TIP) लाई अनिवार्य गर्दै, कक्षागत तथा विषयगत शिक्षक व्यवस्थापन र उपचारात्मक कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

४. शिक्षकको वारम्बार हुने पदरिक्तता र परिवर्तनलाई व्यवस्थित गर्न अस्थायी तथा करार शिक्षक नियुक्तिलाई निरुत्साहित गर्दै, रिक्त रहेका पदमा सरुवा भै आउन चाहने स्थायी शिक्षकका लागि सार्वजनीक सूचना गरी स्थायी शिक्षक सरुवाबाट पदपूर्ती गर्ने र स्थायी शिक्षकको आवेदन नपरेको अवस्थामा मात्र करारमा पदपूर्तीको अनुमति दिने नीति अवलम्बन गरिनेछ ।

५. विभिन्न विद्यालयमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि विज्ञ शिक्षक रोष्टर निर्माणमा स्थानीय विज्ञ शिक्षकलाई प्राथमिकता दिईनेछ ।

६. महिला शिक्षकहरूको लामो सुत्केरी विदाको अवधिमा शिक्षक अभाव पुरा गर्नका लागि वैकल्पिक शिक्षक व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

७. विभिन्न क्याम्पसमा शिक्षा शास्त्रमा स्नातक/स्नातकोत्तर तहको अध्ययन गरी अभ्यास शिक्षणमा आउन चाहने विद्यार्थीहरूलाई प्रोत्साहन स्वरुप निर्वाह खर्च उपलब्ध गराइ गराई केही हदमा शिक्षकको अभाव पुरा गर्नुका साथै नवीनतम शिक्षण सिकाइका विधि र तरिकाहरू विद्यालमा प्रवेश गराउने नीति अवलम्बन गरिने छ ।

८. शिक्षण सिकाइ सुधारका लागि विषयगत सिकाइ उपलब्धी, शिक्षकको कार्यक्षमता, कार्य सम्पादन मूल्याङ्कन, शिक्षकको विशेष दक्षतालाई शिक्षकको पुरस्कार, प्रोत्साहन र सरुवाको आधारका रुपमा स्थापित गर्ने नीति अवलम्बन गरिनेछ ।

९. विद्यालय विकासमा प्रत्यक्ष संलग्न रहेका व्यक्तिहरूको जवाफदेहिता वृद्धि गर्न शिक्षकले प्रधानाध्यापकसँग, प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको रोहवरमा गाउँपालिकासँग कार्यसम्पादन करार संझौता गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

१०. पाठ्यक्रममा समाविष्ठ अतिरिक्त कृयाकलाप अन्तर्गत रहेका चित्रकला, वाद्यवादन, गायन, योग तथा खेलकुदको शिक्षण सिकाइ गर्नका लागि घुम्ती शिक्षक व्यवस्थापन गरिनेछ ।

११. वडा शिक्षा समिति र वडास्तरीय स्वास्थ्य व्यवस्थापन समितिलाई समन्वय गरी सकृय बनाउन आवश्यक योजना वनाइ लागु गरिनेछ ।

१२. दिवा खाजामा स्थानीय सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरी खाजाको गुणस्तर सुधारको सुनिश्चिता गरिनेछ । दिवा खाजाको मापदण्ड बमोजिम गुणस्तरमा ध्यान नदिएका, दिवा खाजामा चटपटे र पत्रुखाना (जंक फूड) को प्रयोग गर्ने विद्यालयहरूलाई दिवा खाजा वापत दिइने अनुदान रकम कटौति गर्ने नीति लागु गरिनेछ ।

१३. भौगोलिक विकटता तथा विद्यार्थी चापलाई मध्यनजर गर्दै विद्यार्थीलाई धेरै टाढाबाट हिंडेर विद्यालय आउनुपर्ने बाध्यताको अन्त्य गर्न आवश्यक विद्यालयमा सामुदायको सहभागितामा छात्रावास व्यवस्थापन गरिनेछ ।

१४. विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापन सुधारका लागि गाउँ शिक्षा समित, वडा शिक्षा समिति, जनप्रतिनिधि तथा तोकिएका कर्मचारीबाट गरिने अनुगमनलाई सूचकमा आधारित बनाइ थप प्रभावकारी बनाइने छ । शैक्षणिक पक्षको अनुगमन र शिक्षकलाई पेशागत सहयोग गर्न विद्यालय मेन्टरिङ पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

१५. **"सिप सहितको सँस्कार र सँस्कार सहितको शिक्षा"** अभियानका लागि विद्यालयमा स्काउट, बालक्लब तथा जु को परिचालन.स.रे.गर्नुका साथै हरेक शुक्रबार सिप र सँस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. विद्यालयहरूलाई प्रविधिमैत्री सिकाइका लागि सवल बनाउन विद्यालयहरूमा आवश्यक उपकरणको व्यवस्था गर्नुका साथै शिक्षक क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ । रिक्त शिक्षक पदपूतर्तीका लागि शिक्षक छनौट वा सरुवा गर्दा प्रविधिको प्रयोग सम्वन्धी ज्ञान तथा सिपलाई छनौट/सरुवाको थप आधारका रुपमा स्थापित गरिनेछ ।

१७. विभिन्न मातृ भाषा-लिपिकला र सँस्कृतिको जगेर्ना गर्न , धार्मिक तथा परम्परागत विद्यालयहरूको संचालन गर्नुका साथै भाषा-लिपि कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१८. विद्यालयमा शिक्षण सिकाइको समय वृद्धि गरी थप अतिरिक्त समय विद्यालय संचालन गर्ने विद्यालयहरूलाई प्रोत्साहित गरिने छ । विद्यालयको कार्यसम्पादन मूल्याङ्कन र सामाजिक परीक्षणको नतिजा बमोजिम उत्कृष्ठ हुने विद्यालयलाई प्रोत्साहन अनुदान प्रदान गर्ने नीति लिइने छ ।

१९. विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरूको क्षमता विकास गरी विद्यालयको समग्र व्यवस्थापनमा सुधार गरिनेछ ।

२०. शिक्षक तथा विद्यालय कर्मचारिको आचार संहिता निर्माण गरिनेछ साथै पेशागत भन्दा बाहेक अन्य कुनै पनि संघ/संगठन प्रतिको आबद्धतालाई निरुत्साहित गरिनेछ ।

२१. संस्थागत विद्यालयहरूको नियमन गरी सेवामुलक बनाइने छ । संस्थागत विद्यालयले प्रदान गर्ने निःशुल्क वृत्ति तथा छात्रवृत्तीका लागि सम्वन्धित वडा शिक्षा समितिसँग अनिवार्य समवन्य गर्नु पर्ने व्यवस्था लागु गरिनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत अभिभावक विहिन बालवालिकालाई दिँइदै आएको सिकाइ सहयोग छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

२२. प्राविधिक तथा उच्च शिक्षामा सहयोग गरी मध्यम तथा उच्च तहको प्राविधिक जनशक्ति तयार गर्न बहु प्राविधिक शिक्षालय संचालन गर्नुका साथै उच्च तथा प्राविधिक शिक्षा हासिल गर्ने विद्यार्थीलाई प्रोत्साहन छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

## २.२ जनस्वास्थ्य

१. सामुदायिक स्वास्थ्य सेवालाई सहज तथा थप प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयम् सेविकालाई थप प्रोत्साहित गरिनेछ साथै जनसंख्या तथा भुगोलका आधारमा महिला स्वास्थ्य सवयं सेविकाको समख्या थप गरिनेछ ।

२. **घर घरमा आधारभूत स्वास्थ्य सेवा कार्यक्रम** संचालन गरिनेछ । जस अन्तर्गत वर्षमा कम्तीमा दुई पटक खोप, पोषण, गर्भवती जाँच, परिवार नियोजन सेवा, जेष्ठ नगारिक तथा अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य परिक्षण गर्नुका साथै सर्ने तथा नसर्ने रोगको **Screening** गरिनेछ । यसका लागि उपलब्ध स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम् सेविकालाई परिचालन गरिनेछ र प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ ।

३. मधुमल्ला अस्पतालले प्रदान गर्दै आएको सेवामा, आयुर्वेद सेवा, दन्त सेवा, आँखा उपचार सेवा र विशेषज्ञ सेवा थप गरी एकीकृत स्वास्थ्य सेवा प्रणालीको विकास र विस्तार तथा गुणस्तरमा अभिवृद्धि गरिनेछ ।

४. स्वास्थ्य संस्थाहरूको भौतिक सवलीकरण गर्नुका साथै आधुनिक औजार उपकरणको व्यवस्था गरी सेवामा गुणस्तर कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

५. महिलाहरूको पाठेघरमा हुनसक्ने घातक रोग क्यान्सबाट बचाउनका लागि दिइने **Human papillomavirus vaccines** निश्चित उमेर समुहका महिलाहरूलाई आवश्यक प्रकृया पुरागरी निःशुल्क उपलब्ध गराउने व्यवस्थाको आगामी वर्षबाट सुरुवात गरिनेछ । यसका लागि संघीय सरकार तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

६. अति विपन्न, अल्पसंख्यक, सीमान्तीकृत, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारको निःशुल्क स्वास्थ्य बीमा गरिनेछ । आफ्ना सदस्यको स्वास्थ्य बीमा गराउनुलाई सामुदायिक वन उपभोक्ता समूहको दायित्वको रुपमा स्थापित गरिने र स्वास्थ्य बीमा कार्यक्रमको व्यापक प्रचार प्रसार गरी यसलाई व्यापक बनाईनेछ ।

७. वडा नं. २ मा निर्माणाधिन दश वेडको सामुदायिक अस्पताको निर्माण सम्पन्न गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक कार्य गरिनेछ ।

८. मर्गौला प्रत्यारोपण गरेका, डयलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई नियमित उपचारका लागि मासिक रु ५०००।- का दरले त्रैमासिक रुपमा आर्थिक सहायता रकम उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिनइनेछ ।

९. दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ । साथै गाउँपालिका अन्तर्गत शववाहन सेवा निशुल्क सञ्चालन गरिनेछ ।

१०. सरुवा रोगको संक्रमण न्यून गर्न सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी निःशुल्क स्वास्थ्य शिविरहरु संचालनलाई प्राथमिकता दिई विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

११. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सहिद परिवारका सदस्यका लागि, सुगर, मुटुरोग, मृगौंलाको क्यारेन्टाइन, रगतमा वोसो जाँच, निमोनिया तथा इन्फ्लुएन्जाको भ्यक्सिन, मानिसिक रोग, बुढ्यौलिमा विर्षने रोग, डिप्रेशन जस्ता रोगको उपचारका अतिरिक्त फोक्सो तथा छालाको जाँच मधुमल्ला अस्पतालमा निःशुल्क गर्ने प्रवन्ध मिलाइने छ ।

१२. संघीय सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१३. नागरिक आरोग्य केन्द्रलाई आवश्यक औषधी उपकरणको व्यवस्था सहित सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

१४. मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सम्बन्धित पक्षसँग सहकार्य गरी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१५. विद्यालयहरुमा किशोरीमैत्री विद्यालय कार्यक्रम संचालन एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१६. स्वास्थ्य संस्थाहरुमा सुचिकृत अत्यावश्यक औषधिहरुको निरन्तर आपूर्ति गरिनेछ ।

१७. आयुर्वेद स्वास्थ्य उपचार पद्दतीलाई प्रोत्साहित गर्दै घरेलु सामान्य प्राथमिक उपचार विधिमा समुदायलाई सक्षम बनाउन स्थानीय स्तरमा प्राप्त हुने जडिबुटिको

पहिचान र प्रशोधनका लागि सम्वन्धित निकायसँग समन्वय गरी विशेष कार्यक्रम ल्याइने छ ।

१८. तोकिएका ८ प्रकारका कडा तथा दीर्घ रोगहरूका लागि गाउँपालिकाबाट दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइनेछ ।

१९. वालवालिकाको पोषण अवस्थाको वारेमा घरघरमा गई परिक्षण गरी कुपोषित भएको पाइएका निशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

२०. आँखाको समस्याका कारण कष्टप्रद जिवनयापन गरिरहेका जेष्ठनागरिकहरूका लागि निःशुल्क आँखा परीक्षण सहित निःशुल्क चस्मा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१. बालबालिकामा हुने दृष्टि समस्या **(Refraction Error)** तथा दाँतमा कीरा लाग्ने रोग **(Dental Carries)** को पहिचान तथा रोकथामका लागि सबै विद्यालयका विद्यार्थीलाई परीक्षणको व्यवस्था मिलाईनेछ ।

२२. महिलाहरुमा हुने प्रजनन स्वास्थ्य सम्बन्धी रोगहरुको परीक्षण तथा रोकथामका लागि समुदायमा आधारित एकीकृत प्रजनन स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ । यसका लागि प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ ।

२३. स्वास्थ्य सेवाबाट प्रदान गरिने प्रवर्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवाको गुणस्तर अभिवृद्धिका लागि **Supply, Supervision & Statistics** रणनीति अवलम्बन गरिनेछ । यसबाट प्राप्त नतिजालाई स्वास्थ्यकर्मीको सेवा, सुविधा तथा निरन्तरतासंग आवद्ध गरिनेछ ।

## २.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई वालवालिकाको क्षमता विकासका लागि विभिन्न वाल प्रतियोगिता तथा बालक्लब र बालसंजालका पदाधिकारीहरूको क्षमता विकास गर्दै, सबै वडालाई क्रमशः बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

२. बालवालिकाका विभिन्न प्रतिभा र क्षमताहरूको पहिचान र प्रोत्साहन गर्नका लागि बाल क्लब र बाल संजाललाई सकृय बनाइनेछ ।

३. महिलाहरूको आधारभूत सीप विकासका लागि यस पूर्व तालिम लिएर सीपको प्रयोग गरी उद्योग संचालन गरिरहेका र स्वःआर्जन गरिरहेका महिलाहरूका लागि थप सिकाइका लागि एड्भान्स तालिम संचालन गरिनेछ ।

४. चालू आ.व.मा गठन भएका महिला समूहलाई थप कृयाशील बनाउन क्षमता विकास गरिनेछ ।

५. महिलाहरुको नीति निर्माणमा अर्थपूर्ण सहभागिता तथा नेतृत्व विकासका लागि यस गाउँपालिकाको महिला जनप्रतिनिधीहरुलाई क्षमता विकास तालीम प्रदान गरिनेछ ।

६. महिलाहरूको कृषक समुह निर्माण र महिला व्यावसायीलाई प्रोत्साहित गर्न विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।

७. लैंगिक मैत्री बजेटको अवधारणालाई कार्यान्वयन गर्दै लैंगिक मैत्री शासन तथा बजेटको परीक्षण गरिनेछ ।

८. जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण तथा सम्मानको व्यवस्था गरिनेछ ।

९. आदिवासी, जनजाती, दलित, पिछडा वर्ग जस्ता पछाडी पारिएका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि लक्षित वर्गकै नेतृत्व र सहभागितामा विभिन्न कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१०. अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि प्रदेश सरकारसँगको साझेदारीमा सन्चालन भइरहेको अपाङ्गता रोकथाप तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११. अपाङ्गता भएका व्यक्तिहरूका लागि गरिने कार्यक्रमको तयारी तथा संचालनमा, अपाङ्गता भएका व्यक्तिहरूका संस्था र व्यक्तिको सहभागिता सुनिश्चित गर्ने नीति अवलम्बन गरिने छ ।

१२. सबै वडामा विद्यालयमा रहेका छात्रा तथा बाहिर रहेका किशोरीहरुका लागि आत्मरक्षा तथा किशोरी शसक्तिकरण तालिमलाई प्रदान गरिने छ ।

१३. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत गरिव वर्ग तथा महिलालाई उद्यमी बनाउनका साथै नयाँ उद्यमीलाई उद्यमशीलता सम्वन्धी स्तरोन्नती तालिम प्रदान गरिनेछ ।

१४. सिमान्तीकृत र अतिसिमान्तीकृत वर्गमा पर्ने परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवा सहित विभिन्न सिपविकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. अपाङ्गता पहिचान र परिचयपत्र वितरणको कार्यलाई सेवाग्राहीमैत्री बनाउनका विभिन्न स्थानमा शिविर संचालन गरिनेछ ।

## २.४ युवा तथा खेलकुद

१. युवाहरूलाई पलायन हुनबाट रोक्न युवाहरूको मागमा आधारित सिपविकास तालिम संचालन गर्नुका साथै युवा उद्यमी समुहहरूलाई प्रविधिमा अनुदान प्रदान गरी युवा रोजगारको प्रवर्धन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२. युवाहरूमा सकारात्मक सोच र स्वयम् व्यवस्थापनका क्षमता विकासका लागि वडास्तरीय युवा क्लबहरूको तालिम, गोष्ठी, अन्तरकृया संचालन गरिनेछ ।

३. युवाहरूको सबैभन्दा ठूलो समस्याका रुपमा रहेको लागु औषध प्रयोगलाई पूर्ण निरुत्साहित गर्न सम्वन्धित सुरक्षा निकायहरूसँग सहकार्य गरी गाउँपालिकालाई लागु औषध रहित पालिकाको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

४. विभिन्न खेल विधाहरूमा गाउँपालिका स्तरीय टिम तयार गरी राष्ट्रिय स्तरका खेलाडि उत्पादन गर्न आवश्यक प्रशिक्षणको व्यस्था गरिनेछ । खेलको माध्यमबाट गाउँपालिकाको पहिचान बनाउन सफल राष्ट्रियस्तरका खेलाडीहरूलाई सम्मान गरिनेछ ।

५. खेलकुद पर्वाधार विकासका लागि **एक वडा एक खेल मैदान कार्यक्रम** लागू गरिनेछ ।

६. स्थानीय स्तरमा रहेका विभिन्न क्लबहरूलाई नियमन गरी सकृय बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

## २.५ खानेपानी तथा सरसफाइ

१. नागरिकहरूलाई स्वच्छ, सफा र सुरक्षित खानेपानीको व्यवस्था गर्न गाउँपालिको कार्यक्रममा उच्च प्राथमिकतामा राख्नुका साथै संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न ठूला आयोजनाहरू संचालन गरिने छ ।

२. गाउँपालिकामा संचालनमा रहेका खानेपानी उपभोक्ता समितिको क्षमता विकास गरिनुको साथै खानेपानीको शुद्धीकरणलाई जोड दिईनेछ ।

३. खानेपानीको मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

४. आफ्नो घर, टोल, बस्ती, वडा र गाउँपालिका सफा र सुरक्षित बनाउन सरसफाइका सूचक तोकी पूर्ण सरसफाई उन्मुख गाउँपालिका बनाइनेछ ।

**५.** साझेदारीमा आधारित सार्वजनिक शौचालय र घर घरमा अनिवार्य शौचालय व्यवस्थापनका लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

६. यस गाउँपालिका अन्तर्गत सञ्चालित खानेपानी व्यवस्थापनलाई थप व्यवस्थित तथा नियमनमा एकरुपता कायम गर्न खानेपानी व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधी निर्माण गरिनेछ ।

## २.६ धर्म, भाषा, कला, साहित्य र संस्कृति

१. परम्परागत प्राचिन मौलिक सँस्कार सँस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्धनमा जोड दिइनेछ । चण्डी नाच, धाननाच, च्याब्रुङ नाच, हुर्रा नाच, तामाङ सेलो, संगिनी नाच, मारुनी नाच, लाखे, जस्ता परम्परागत नृत्यहरूको जगेर्ना गर्नुका साथै पञ्चेबाजा र लोकबाजाको संरक्षण गर्नका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२. बहु साँस्कृतिक सङ्ग्रहालय स्थापनाको सम्भाव्यता अध्ययन गरी पर्यटन विकास वोर्डसँगको समन्वयमा सङ्ग्रहालय स्थापनको तयारी गरिनेछ ।

३. गाउँपालिका रहेका पुरातात्विक महत्वका क्षेत्रहरूको पहिचान र संरक्षणमा आवश्यक कार्य गरिनेछ ।

४. विभिन्न स्थानीय भाषा र लिपिको संरक्षण गर्न संचालनमा रहेका भाषा कक्षाहरूलाई निरन्तरता दिँदै अन्य भाषाहरूका पनि भाषा तथा लिपि कक्षा

संचालन गर्न गर्न सहयोग गरिनेछ । यसका लागि भाषा आयोग संग समन्वय गरिनेछ ।

५. भाषा साहित्यको संरक्षण र सम्वर्धनका साहित्य समाज र अन्य सम्वन्धित संस्थाहरूसँग साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

६. यस गाउँपालिकामा रहेका साहित्यिक स्रष्टाहरूको पहिचान गरी निजहरूको योगदानको कदर तथा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

## २.७ सामाजिक सुरक्षा तथा संरक्षण

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निरन्तर अध्यावधिक गरिनेछ । कानुनको दायरमा रही सुरक्षा भत्ता प्राप्तिमा अझ सहजता ल्याउने कार्य गरिनेछ ।

२. व्यक्तिगत घटना दर्ता सम्वन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिई समयमै घटना दर्ता गर्न गराउन घटना दर्ता टोली परिचालन गरिनेछ ।

३. वडा स्तरबाट हुने विद्युतीय घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई त्रुटिरहित बनाउन प्रविधि साक्षरता सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

## २.८ अपाङ्गता रोकथाम तथा पुनःस्थापना

४. अपाङ्गता रोकथाम गर्न नव दम्पती  र (महिला र पुरुष)गर्भवतीलाई निशुल्क फोलिक एसिड चक्की वितरण गरिनेछ ।

५. नव दम्पति, गर्भवती, सुत्केरी, नवजात शिशु स्याहार, खोप र पोषणको स्वास्थ्य संदेश सहितको नव दम्पति र गर्भवती शुभकामना कार्ड वितरण म.स्वा.स्वयंसेविका, वार्ड कार्यालयबाट र स्वास्थ्य संस्था वितरण गरिनेछ ।

६. म.स्वा.स्वयंसेविका र स्वास्थ्यकर्मीलाई मोवाइल एप्स  (मेडिक मोवाइलको) गर्भवती दर्ता र अध्यावधिक गरी सुरक्षित मातृत्व सेवा प्रविधि मैत्री बनाइने नीति लिइनेछ ।

७. गर्भवतीहरुको लागि दक्ष स्वास्थ्यकर्मीबाट पोर्टेवल ग्रामीण अल्ट्रासाउण्डको मध्यमबाट (भिडियो एक्सरे) सेवा स्वास्थ्य चौकीहरुबाट दिने व्यवस्था गरी जटिलता भएका गर्भवतीलाई प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

८. सवै स्वास्थ्य चौकीहरुबाट घर घरमा गइ जन्मदोष पहिचान, सुत्केरी जाँच र नवजात शिशु जाँच गर्ने व्यवस्था मिलाइने छ ।

९. समुदायमा आधारित पुनर्स्थापनाकर्ता )**CBR**( को मध्यम बाट सवै अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल **MIS** तयार भएकोले र थपिएकोलाई एम आई एस मा प्रविष्ट गर्दै लाने र सवै अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्रको पहुँचमा ल्याइने छ ।

१०. प्रत्येक वडामा स्वास्थ्य शिविरको मध्यमबाट अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गर्ने र उपचारको समेत व्यावस्था मिलाइने छ ।

११. अपाङ्गता भएका व्यक्तिहरुको पालिका स्तरीय ओ पी डी गठन भएका र वडा स्तरमा बनेको मिलिजुली समूहलाई थप प्रभावकारी बनाउन मिलिजुली समूहमा वचत र ऋण परिचालनलाई सहकारीमा जोड्ने नीति रहेको छ ।

१२. अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यवसाय र रोजगारी प्रवर्धनको लागि लगानीको व्यवस्था गरिनेछ ।

१३. कार्यक्रम अन्तर्गत रहेका जीविकोपार्जन, सामाजिकीकरण र सशक्तीकरण क्रियाकलापहरु स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको संस्थासमूह मार्फत का/र्यान्वयन गर्ने नीति कार्यान्वयन गरिनेछ ।

१४. अपाङ्गता भएका व्यक्तिहरुको बाधा तथा कठिनाईलाई हटाउन सहज जीवन यापनमा सहयोग पुर्याउन आवश्यक पर्ने सहायक सामाग्री निशुल्क वितरणको व्यवस्था मिलाइने नीति रहेको छ ।

१५. सार्वजनिक भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

# ३. पूर्वाधार विकास नीति

## ३.१ यातायात तथा भौतिक पूर्वाधार

१. यस गाउँपालिका क्षेत्रबाट संचालन हुने बसहरूलाई व्यवस्थापन गर्न समय सापेक्ष सुविधा युक्त बसपार्क निर्माण गरी सार्वजनिक यातायातको संचालनलाई व्यवस्थित र सेवाग्राहीको सहज पहुँचको सुनिश्चिता गरिनेछ ।

२. गाउँपालिका भित्र रहेका ट्याम्पो तथा सफारीहरुको संचालनलाई व्यवस्थित गर्न यस क्षेत्र बाट संचालन हुने सबै ट्याम्पो तथा सफारीहरूलाई गाउँपालिकामा दर्ता गरी संचालनलाई व्यवस्थित गरिनेछ ।

३. सार्वजनिक सडकको दाँया बाँया खुला गरी सहज आवत जावतको सुनिश्चित गर्नुका साथै सम्भावित दुर्घटना न्यूनीकरण गर्न सम्वन्धित सुरक्षा निकायसँग समन्वय गरी नियमित रुपमा गाउँ प्रहरी परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

४. गाउँपालिका क्षेत्र भित्र संचालन हुने तीन लाख भन्दा बढीको रकम सडक आयोजनामा अनिवार्य ग्रेडिङ र रोलिङ गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

५. आयोजनाहरुले निर्माण गर्ने सार्वजनिक सूचना बोर्ड आयोजना सम्पन्न भएको कम्तिमा १ वर्ष सम्म रहने गरी राख्ने व्यवस्थापन अनिवार्य लागु गरिनेछ ।

६. भौतिक निर्माण कार्यको पारदर्शिताका लागि निर्माण व्यवसायी र उपभोक्ता समितले अनिवार्य रुपमा विभिन्न संघ संस्था एवम् सरोकारवाला व्यक्तिहरुको भौतिक उपस्थितिमा आयोजनाको खर्च सार्वजनिकिकरण गर्ने कार्यको सुनिश्चितता गर्न भुक्तानीको महत्वपूर्ण आधारका रुपमा स्थापित गर्ने नीति लिइनेछ ।

७. गाउँपालिकामा थप सडक निर्माण गर्ने वा सडक स्तरोन्नती गर्ने कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको सडक गुरु योजना अधावधिक गरी लागु गरिनेछ ।

८. भौतिक विकास निर्माणका कार्यहरू गर्दा सम्पूर्ण क्षेत्रको सन्तुलित विकासको नीति अवलम्वन गरिनेछ ।

९. भौतिक निर्माण कार्यमा गुणस्तर कायम गर्न स्थानीय उपभोक्ता समिति तथा सरोकारवालहरूबाट नियमित अनुगमन गर्ने, सम्वन्धित वडाबाट कार्यसम्पादन अवस्थाको नियमित अनुगमन गर्ने तथा गाउँपालिका स्तरीय अनुगमन समितिबाट नियमित र अन्तिम अनुगमन समेत गर्ने गरी तीन तहको अनुगमन संयन्त्रलाई अन्तर सम्वन्धित बनाउने नीति अवलम्बन गरिनेछ ।

१०. भौतिक निर्माणमा समयमा कार्य सम्पादन नगर्ने तथा तोकिए बमोजिमको गुणस्तर कायम नगर्ने निर्माण व्यवसायीहरूलाई कारवाहीको दयरामा ल्याइने छ ।

११. उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यमा ठूला मेशिन औजारको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

१२. उपभोक्ता समितिको क्षमता विकास गरिनुको साथै उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुमा कम्तीमा १०% लागत सहभागिताको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३. कच्ची सडकहरुको प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछ्याउने र विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिने छ ।

१४. गाउँपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगिकमैत्री, वातावरणमैत्री साथै जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।

१५. पहाडी क्षेत्रमा बग्ने खोलाहरूका आवश्यक स्थानमा पक्की तथा झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै, ठूलो प्रकृतिका पुलहरूका लागि प्रदेश तथा संघीय सरकारसँग साझेदारी गर्ने नीति लिइने छ ।

१६. ठूला मालबाहक साधन चल्ने बैकल्पिक मार्ग निर्माण गरी मालबाहक सवारी साधनबाट बस्ती क्षेत्रमा हुने प्रभाव र वातावरण प्रदुषण न्यून गर्ने नीति अवलम्बन गरिनेछ ।

१७. गाउँपालिका क्षेत्र भित्र संचालन हुने निजी निर्माण तथा उपभोक्ता समिति मार्फत हुने विकास निर्माणका कार्य संचालन गर्नका लागि आवश्यक पर्ने नदीजन्य बस्तुमा स्थानीय कर छुट दिने नीति लाई निरन्तरता दिइनेछ ।

१८. शारीरिक सुगठन तथा मानसिक स्वास्थ्य र मनोरञ्जनका लागि सुविधायुक्त बालउद्यान तथा युवा एवम् जेष्ठ नगारिकका लागि उपयुक्त व्यायामशाला निर्माण गरिनेछ ।

१९. साना तथा टुक्रे योजनाहरूलाई निरुत्साहित गरी दिगो विकास लक्ष्य अनुरुप भौतिक पूर्वाधार तयार गर्ने नीति लिइनेछ ।
२०. विभिन्न कारणले सम्पन्न हुन नसकी अधुरा रहेका रुग्ण आयोजनाहरू आवश्यकता र उपयुक्तताका आधारमा निर्माण सम्पन्न गर्ने नीति लागु गरिनेछ ।
२१. प्रतिकुल मौसममा भौतिक निर्माणको कार्यबाट हुने क्षतिलाई कम गर्न यस वर्ष भाद्र महिनादेखि भौतिक निर्माणका कार्यहरू सुरू गर्ने र चैत्र मसान्त पश्चात नयाँ आयोजनाहरूको सम्झौता नगर्ने नीति लागु गरिनेछ ।
२२. गत आ.ब. २०८०/०८१ मा विभिन्न कारणले सम्पन्न हुन नसकेका महत्वपूर्ण योजनाहरूलाई क्रमागत योजनाका रुपमा राखी यस वर्ष पुरा गरिनेछ ।
२३. दिगो विकासको लक्ष्य अनुरुप वडा नं १ को आइतबारे-लेकडाँडा-एकराते सडक , वडा नं. २ को मावा ,धोबेनी सडक-कुइनेटार-वडा नं. ३ को सुन्दरी चोक - चौतारा-जनजाति चोक सडक वडा नं. ४ को चौतारत्रिवेणी -वडा कार्यालय- ,सामुदायिक वनको भवन सम्मको सडकवडा नं. ५ को खोलिटार बेलटार सडक ,वडा नं. ६ को बक्राहा मा.वि.देखि साखरे शनिवारे जाने सडक ,वडा नं. ७ को मावामला -मी टहरा सडक ,वड नं. ८ को यलम्बर चोकसंगम चोक - सडक र वड नं ९ को मदन भण्डारी देखि दक्षिण दिङ्गले चोक सिमाना सडकलाई गौरवको योजनाको रुपमा राखी सम्पन्न गरिनेछ ।
२४. नागरिकको सहज आवतजावत र यातायातको पहुँचमा वृद्धि गर्न सोल्टि पुल , पुल (हात्तिमारा जाने बारे)पुल २ मिक्लु ,सफेवा पुल, मगरखोला पुल निर्माण सम्पन्न गरिनेछ ।

## ३.२ भवन तथा आवास

१. निर्माण अधुरो रहेका सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाइने छ ।
२. प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगायतका सार्वजनिक भवन तथा जग्गा संरक्षणका लागि घेराबारा गरी सुरक्षित गरिनेछ ।
३. संघ तथा प्रदेश सरकार र विभिन्न सरकारी एवम् गैहसरकारी संघ संस्थासँगको साझेदारीमा विपन्न परिवार तथा विपद् प्रभावित क्षेत्रका लागि सामुहिक आवास निर्माण गरी सुरक्षित र व्यवस्थित बसोवास बनाउने नीति अवलम्बन गरिनेछ ।
४. गाउँपालिका क्षेत्र भित्र घर तथा भवन निर्माणकर्ताले निर्माण सामाग्रीहरु सडक तथा सार्वजनिक स्थलमा राख्न नपाउने व्यवस्था कार्यान्वयन गर्दै यस्ता सामग्रीहरु सार्वजनिक स्थलबाट हटाए पछि मात्र भवन इजाजत तथा निर्माण सम्पन्नताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरीने छ ।
५. भौतिक संरचनाहरुलाई भुकम्प प्रतिरोधी र वातावरण मैत्री हुने गरी निर्माण गर्न निर्माण कार्यमा संलग्न ठेकेदार, मिस्त्रीहरुलाई आधारभूत तालिम प्रदान गरिने छ । साथै घर तथा भवन निर्माण ईजाजत दिदा तालिम प्राप्त गरी गाउँपालिकामा सूचिकृत भएका आधिकारीक ठेकदारको प्रमाण पत्र अनिवार्य सम्लग्न गर्ने नीति लाई निरन्तरता दिइनेछ ।
६. भवन निर्माणलाई व्यवस्थित गर्ने आवश्यक स्थानीय भवन संहिता कानून निर्माण गरी लागु गरिनेछ ।

## ३.३ उर्जा

१. विद्युत सुविधा नपुगकेका घरहरू पहिचान गरी, सम्वन्धित निकायसँग समन्य गरी, विद्युत विस्तार सम्पन्न गरिनेछ ।
२. सडक सुरक्षाका लागि मूख्य सडकहरुमा सडक बत्ति तथा बजार क्षेत्रमा सि.सि.क्यामरा विस्तारको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
३. विद्युत आपुर्तिको गुणस्तरमा सुधार गर्न सम्वन्धित निकायमा समन्वय गरी गुणस्तर सुधार गरिनेछ ।

## ३.४ सञ्चार तथा सूचना प्रविधि

१. पेपरलेस गभर्नेन्सको अवधारणालाई कार्यान्वयनको दिशातर्फ लगिनेछ ।
२. सूचना तथा संचार र प्रविधिमा गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरुको पहुँच अभिवृद्धि गर्दै नेटवर्क कन्क्टिभिटी लाई थप व्यवस्थित गरिनेछ ।

३. कार्यालयमा संचालनमा रहेका विद्युतीय प्रणालिहरुलाई एकिकृत गरि **Integrated System** को रुपमा विकास गर्ने साथै कर्मचारी र जनप्रतिनिधिहरुलाई प्रणाली प्रयोगमा सहजता ल्याउनको लागि क्षमता अभिवृद्धि गरिनेछ ।

४. प्रविधिको स्वचालित प्रयोग तथ्याङ्कको सुरक्षा र प्रभावकारी व्यवस्थापनको लागि क्लाउड वेस सर्भरडाटा वेसलाई आधार मानि योजना तर्जुमा गर्ने नीति / अवलम्वन गरिनेछ ।

५. गाउँपालिकाको वस्तुस्थिति झल्किने गरी डिजिटल गाउँ प्रोफायल निर्माण गर्न वडा स्तरबाट नै सुचना तथा तथ्याङ्क अध्यावधिक गर्ने व्यवस्था मिलाईने छ ।

## ३.५ सम्पदा पूर्वाधार

१. पूरातात्विक सम्पदाको संक्षणलाई प्रथमिकता दिइने छ । यस्ता सम्पदाहरूको संरक्षण गरी पर्यटन प्रवर्धनसँग आवद्ध गर्ने संघ संस्थाहरूलाई लागत साझेदारी सहित प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

२. पर्यटकीय क्षेत्र चुलिपोखरी ,मिक्लाजुङ डाँडा पदमार्ग ,कुइनेटार चुलीपोखरी पदमार्गबेते ,कोलुङ झर्ना ,नी सिमसार, देवीस्थान सिमसार, पञ्चमी दिपु क्षेत्र , रमितेहोमस्टे विकासको लागि मास्टर प्लान तयार गरी सम्पदा संरक्षण र पर्यटन विकास सँगसँगै लैजाने नीति लिइनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

१. वातावरण मैत्री गाउँ निर्माणका लागि विद्यालयहरुमा अध्ययनरत छात्राछात्राहरुलाई अतिरिक्त क्रियाकलाप अन्तर्गत सामुदायिक वनसँग समन्वय गरी वृक्षारोपण तथा बगैंचा निर्माण गर्न र विद्यालय परिसर तथा सार्वजनिक स्थलको संरक्षण तथा सरसफाई गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

२. निजी तथा सामुदायिक वनको संरक्षण, वैज्ञानिक वन व्यवस्थापनमा जोड दिई सामुदायिक वनहरूको व्यावसायिकीकरणका लागि पर्यटनसँग आवद्ध गराउने नीति लिइने छ । डढेलो नियन्त्रणको वनहरूमा अग्नीरेखा निर्माणको कार्यलाई प्राथमिकतामा राखिनेछ ।

३. वन तथा वन्यजन्तुको संरक्षणको र वन पैदावारको उपयोगलाई व्यवस्थित एवम् आम उपभोक्ताको हित हुने गरी सहज र व्यवहारिक बनाउनका लागि संरक्षणकर्मी विभिन्न संघ संस्था तथा सामुदायिक वन उपभोक्ता समितिहरूसँग सहकार्य गर्ने नीतिमा जोड दिइनेछ ।

४. पहाडी क्षेत्रबाट बग्ने विभिन्न खोलाखहेरेहरुबाट हुने भु-क्षय नियन्त्रण गर्न संघ, प्रदेश सरकार तथा सम्वन्धित निकायहरूसँगको सहकार्यमा तटबन्धन लगायतका कार्यक्रम संचालन गरिने छ ।

५. गाउँपालिकामा रहेका पुरातात्विक महत्वका मठ, मन्दिर, पाटी, पौवा, चौतारा, पोखरी, विश्राम स्थल र त्यसको महत्वसँग जोडिएका रुख विरुवाहरूको संरक्षण गर्दै यस्ता स्थानमा वर, पिपल, पैंयुँ, समी जस्ता विरुवाहरू रोप्नुका साथै सडक वरपर र जोखिमयुक्त स्थानहरूमा हुनसक्ने भु-क्षय/ पहिरो नियन्त्रण गर्न र पार्क, विद्यालय, स्वास्थ्य चौकी, जेष्ठनागरिक चौतारा लगायतका सार्वजनीक स्थलहरूको सौन्दर्यीकरण सहित पर्यावरणीय सन्तुलन कायम राख्नका लागिका लागि हरियाली प्रवर्धन कार्यक्रम संचालन गरिनेछ ।

६. गाउँपालिका भित्र हुने सबै खालका विकास निर्माणका कार्यहरू गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइने छ ।

७. गाउँपालिका भित्र प्रयोग बिहिन रुपमा रहेका ढुङ्गा, गिटी, बालुवा लगायतका प्रकृतिक स्रोतहरु उच्चतम प्रयोगका लागि **IEE, EIA** जस्ता वातावरणीय प्रभावको मूल्याङ्कन लगायतका कानुनी प्रकृया पुरा गरी पूर्ण उपयोग र गाउँपालिकाको राजश्व सङ्कलन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

८. आगलागी, बाढी, पहिरो लगायतका प्राकृतिक प्रकोपबाट हुने क्षति न्युनिकरण गर्नको लागि जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिने छ ।

९. भुकम्प, बाढी, पहिरो, हात्ती आतंक लगायत यस गाउँपालिकामा देखिने प्रमुख विपद्जन्य घट्नाबाट सुरक्षित रहन तथा जोखिम न्यूनिकरणका आधारभुत

उपायहरुको बारेमा जानकारी गराउन तथा सचेतना विकासका लागि विद्यालयस्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१०. पहाडी क्षेत्रमा पहिरो नियन्त्रणका लागि सामुदायिक वनसँगको सहकार्यमा वृक्षारोपणको कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

११. गाउँपालिकास्तरमा विपद् व्यवस्थापन कोष संचालन गरी विपद्को समयमा तत्काल उद्दार र राहत पुग्ने सुनिश्चितता गरिनेछ साथै विपद् व्यवस्थापको कार्य गर्दा छिटो र सरल प्रकृयाबाट कार्यदिश र भुक्तानी हुने गरी नीतिगत व्यवस्था गरिनेछ ।

१२. वन तथा वातावरणको संरक्षणका लागि, गाउँपालिका भित्र सडक निर्माण गर्दा सडकका दुबै किनारामा उपयुक्त वृक्षारोपण गर्ने नीति लिइने छ ।

## ५. सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

### ५.१ शान्ति सुरक्षा सुव्यवस्थापन

१. गाउँपालिका क्षेत्रको शान्ति सुरक्षाको व्यवस्थापनका लागि गाउँ प्रहरीको क्षमता विकास गरी प्रविधिमा आधारित सुचना व्यवस्था लागु गरिनेछ ।

२. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल सँगको समन्वयमा लागु औषध दुर्व्यसन नियमनका लागि सरोकारवाला संघसंस्था र आमा समुहको परिचालन गर्ने नीति लिइनेछ ।

३. प्राकृतिक स्रोतको दोहन नियमन, चोरी डकैती तथा सामाजिक अपराध न्यूनीकरण गर्नका लागि सडक, चोकहरूमा CC Camera जडान गर्ने र सडक वत्ती व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

### ५.२ सुशासन तथा संस्थागत विकास

१. विकासका विविध क्षेत्रहरूमा नवीनतम, सिर्जनात्मक र समयसापेक्ष कार्यहरू गर्नका लागि असल अभ्यास भएका अन्य गाउँपालिका तथा भुगोल र हावापानी मिल्दा विभिन्न देशका पालिकाहरूसँग भगनी सम्वन्ध कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

२. सेवा प्रवाह मापदण्ड सहितको नागरिक वडापत्र तयार गरी सार्वजनिक गरिनेछ ।

३. करार कर्मचारीहरुको सेवा सुरक्षा र सुविधा तथा मर्यादित जीवनयापनका लागि आवश्यक मापदण्ड तयार गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

४. जनप्रतिनिधीकर्मचारीको क्षमता विकास/का लागि मागमा आधारित तालिम प्रदान गरिनेछ ।

५. सार्वजनिक सेवा प्रवाह र कार्यसम्पादन मूल्याङ्कनका आधारमा कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

६. योजना कार्यान्वयनलाई प्रथम चौमासिक देखि नै सुरुवात गर्ने तथा नियमित प्रभावकारी रुपमा योजनाको गुणस्तरको पक्षलाई समेत मूल्याङकन गर्ने गरी अनुगमनलाई चुस्तता दिइनेछ ।

७. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न वार्षिक खरिद योजना निर्माण गरी स्वीकृत गरेर मात्र खरिद गर्ने गरी खरिद योजना निर्माण गरी लागु गरिनेछ ।

८. वार्षिक कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न तथा उत्तरदायित्व प्रवर्धन गर्न आवधिक समीक्षा, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण समय समयमा गरिनेछ ।

९. वेरुजु घटाउने र हालसम्म महालेखा परीक्षकको कार्यालयले दिएको लेखापरीक्षण प्रतिवेदनमा तोकेका वेरुजु असुल उपर गर्ने कार्यलाई प्राथमिकतासाथ सम्पादन गरिनेछ ।

१०. गरिवी निवारणका लागि स्वरोजगार सिर्जना हुने तथा आर्थिक विपन्न लक्षित हुने खालका सीपमुलक तालिम कार्यक्रम तयार गरी कार्यान्वयनमा लगिनेछ ।

११. निश्चित क्षेत्रको सिकाइका लागि वाहेक गरिने अवलोकन भ्रमणलाई निरुत्साहित गरिनेछ ।

१२. गाउँपालिका तथा वडा स्तरीय हुने आन्तरिक अवलोकन भ्रमणलाई प्रोत्साहन गरिनेछ ।

१३. संघीय तथा प्रादेशिक कार्यालयहरुसंग समन्वय गरी नियमित वजार अनुगमन साथै गुणस्तर परीक्षणलाई नियमितता दिइनेछ ।

१४. विकासका विविध पक्षमा अन्तर तह तथा बहुस्तरीय समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाईनेछ ।

## ५.३ श्रम तथा रोजगार

१. स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र मार्फत श्रम बजार सम्बद्ध सूचनाको संकलन तथा विश्लेषण गर्ने, आन्तरिक रोजगार प्रवर्धन, सीप र क्षमताको अन्तर विश्लेषण गरी रोजगार उन्मुख सीप प्रदान गर्ने संयोजन तथा सञ्चालन गरिने ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनामा लाग्ने निर्माण सामाग्री, औजारहरु तथा आयोजनामा खटिने श्रमिकहरुको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाईने छ ।

३. बालश्रम मुक्त स्थानीय तहको बनाउनका लागि बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासका साथै प्रारम्भिक बाल बिकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरिनेछ ।

४. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवर्धनको लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने निति गरिनेछ ।

५. श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका लागि सरल, शुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्दलाई सुदृढीकरण गरिनुका साथसाथै वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्न सहजिकरण गर्न व्यवस्था मिलाइनेछ ।

६. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनः एकिकरण कार्यक्रम अन्तर्गत सीप तथा क्षमताको विकास स्थानीय स्तरमै पहिचान गरी आवश्यक कार्यक्रम गरिनेछ ।

७. स्थानीय स्तरमा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणालीमा बरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिने छ । गाउँपालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सो को सूचना प्रवाह गरिनेछ ।

८. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइ स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

९. युवा तथा शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखी स्वरोजगार मूलक कार्यमा संलग्न गराउन स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१०. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरि सहजिकरण तथा परामर्श गरिनेछ ।

## ५.४ कानून तथा न्याय

१. न्याय सम्पादन कार्य स्वतन्त्रसक्षम एवम विश्वसनीय ,पहुँचयोग्य ,पारदर्शी , बनाइने साथै न्यायिक काम कारवाहीलाई प्रविधिसंग जोडी सफल न्याय निरुपणलाई जोड दिइनेछ ।

२. न्यायिक समिति र सिंगो गाउँपालिकाको काम कारवाहीलाई थप सहज र प्रभावकारी बनाउन छुट्टै कानून पुस्तकालयको निर्माण गरिनेछ ।

३. न्यायिक समिति र मेलमिलापकर्ताको विवाद निरुपण कार्य थप प्रभावकारी बनाउन पुनर्ताजकी तालिमको व्यवस्था गरिनेछ ।

४. न्यायिक समितिबाट सम्पादन हुने कार्य निस्पक्षपहुँचयोग्य र कम ,पारदर्शी , खर्चिलो छ भन्ने विषय आम जनमानसमा बुझाउन वडास्तरमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५. गाउँपालिकाको कानून निर्माण प्रकृया थप प्रभावकारी बनाईनेछ । यसका लागि जनप्रतिनिधी तथा कर्मचारिको क्षमता विकास गरिनुका साथै प्रदेश र संघीय सरकार संग समन्वय गरिनेछ ।

## ५.५ राजश्व तथा आन्तरिक श्रोत परिचालन

१. कर संकलनलाई अझ वढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने र धेरै कर तिर्ने करदातालाई सम्मान तथा भाका नाघी कर बुझाउने करदातालाई जरिवाना लिने नीति अवलम्बलन गरिनेछ ।

२. राजश्व संकलनको एकिकृत सफ्टवेयरलाई अध्यावधिक गरिनेछ ।

३. राजश्व नीति तथा प्रशासन सम्वन्धी राजश्व सुधार कार्ययोजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिका क्षेत्र भित्र बसोबास तथा व्यवसाय गरिरहेका सबैलाई करको दायरमा ल्याई करको दायरा विस्तार गर्ने नीति लिइने छ । प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरू विच रहेको असमानता न्यूनीकरण गर्दै लैजानै नीति लिइने छ ।

५. गाउँपालिकाको विकास साझेदारका रुपमा स्थानीय उपभोक्तालाई अंगिकार गर्दै, उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरूमा सहभागिता बापतको रकम अनिवार्य जम्मा गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६. वडा कार्यालयसँगको समन्वयमा घर बहालकरमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरूको अभिलेख राख्ने कार्यको थालनी गरिनेछ ।

७. सम्पत्ति करलाई सेवा प्रवाह संग आवद्ध गरिनेछ ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवम् करदातामैत्री बनाउँने कार्यलाई प्राथमिकता दिइनेछ ।

९. गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरी सबल, सक्षम र आत्मनिर्भर गाउँपालिका बनाउनका लागि गाउँपालिकाबाट हुन सक्ने थप सम्भावित राजश्व संकलनका स्रोतहरू पत्ता लागाउन आवश्यक अध्ययन गरी राजश्व संकलनको क्षेत्र फराकिलो बनाउँदै लैजाने नीति अवलम्बन गरिनेछ ।

१०. तोकिएको कर तथा गैरकरको संकलन कार्यका लागि समुदाय तथा जनप्रतिनिधिलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ । नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा सुविधा बीच प्रत्यक्ष सम्वन्ध कायम हुने संयन्त्रको विकास गरिनेछ । कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

*धन्यवाद!*

*आज्ञाले*

*अभय कुमार गुप्ता*

*प्रमुख प्रशासकीय अधिकृत*